# स्थानीय राजपत्र

**गरूडा नगरपालिका, रौतहट द्धारा प्रकाशित**

**बर्ष ४) गरूडा नगरपालिका, अश्विन १४ गते २०७७ साल, संख्या २**


## भाग १

## गरूडा नगरपालिका, रौतहट

## संवत् २०७७ सालको ऐन नं. २

# ऐनको नामः गरुडा नगरपालिका, रौतहटमा कार्यरत कर्मचारीहरुको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावनाः** सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भई गरुडानगरपालिका, रौतहटमा कामकाज गर्न खटिए पश्चात साबिकको स्थानीय सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएको कारण गरुडा नगरपालिका, रौतहटको समग्र कार्यसम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्वत् २०७४ साल देखि विज्ञापन र बढुवा नहुँदा स्थानीय सेवाका कर्मचारीहरुको बृत्तिविकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधार मानी स्थानीय सेवामा कार्यरत रहेका र अन्य स्थानीय तहबाट काज वा सरुवा भई गरुडा नगरपालिका, रौतहटमा पदस्थापन भएका कर्मचारीहरुको समायोजन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गरुडा नगरपालिका, रौतहटको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम ''**गरुडा नगरपालिका, रौतहटको कर्मचारी समायोजन ऐन, २०७७**'' रहेको छ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) ‘‘**ऐन**’’ भन्नाले गरुडा नगरपालिका, रौतहट कर्मचारी समायोजन ऐन, २०७७ लाई सम्झनु पर्छ ।

(ख) ‘‘**कर्मचारी**’’ भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको गरुडा नगरपालिकाका स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायबाट समायोजन भई गरुडा नगरपालिकामा पदस्थापन भएका र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्य स्थानीय निकायबाट कामकाज गर्न खटाएका कर्मचारीहरु समेत गरी स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनुपर्छ।

(ग) ‘‘**कार्यपालिका**’’ भन्नाले गरुडा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) ‘‘**तोकिएको**’’ वा ‘‘**तोकिए बमोजिम**’’ भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ।

(ङ) ‘‘**नगर सभा**’’ भन्नाले गरुडा नगरपालिका, रौतहटको नगरसभालाई सम्झनु पर्छ।

(च) ‘‘**प्रमुख प्रशासकीय अधिकृत**’’ भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियूक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) ‘‘**स्थानीय सेवा**’’ भन्नाले गरुडा नगरपालिका, रौतहटमा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ।

(ज) ‘‘**नगरपालिका**’’ भन्नाले गरुडा नगरपालिका, रौतहटलाई सम्झनु पर्छ ।

(झ) ‘‘**स्थानीय कानून**’’ भन्नाले गरुडा नगरपालिका, रौतहटबाट जारी भएका ऐन कानूनलाई सम्झनु पर्छ ।

**३. स्थानीय सेवाका कर्मचारी समायोजन गर्ने :**

(१) साविकको स्थानीय निकायको रुपमा स्थानीय सेवामा स्थायी रुपमा सेवा प्रवेश गरेका, अन्य स्थानीय निकायमा नियुक्ति भई गरुडा नगरपालिकामा पदस्थापन भएका वा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्य स्थानीय निकायबाट कामकाज गर्न खटाएका कर्मचारीहरु समेत गरी कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको समायोजन गरिने छ ।

(२) उपदफा (१) बमोजिम नगरपालिका सेवाका कर्मचारीहरुको समायोजन देहाय बमोजिम हुने छ ।

| क्र.सं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्रेणी विहिन प्रथम | श्रेणी विहिन द्बितिय | कार्यालय सहयोगी | |
| २. | हेभी सवारी चालक द्बितिय | हेभी सवारी चालक तृतिय | हेभी सवारी चालक | |
| ३. | सहायक स्तर चौथो | सहायक स्तर पाँचौं | वरिष्ठ सहायक | |
| ४. | सहायक स्तर पाँचौं | अधिकृत स्तर छैठौं | अधिकृत | |

(३) उपदफा (२) बमोजिमको पदनाम सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुने छ ।

(४) उपदफा (१) बमोजिम पाँच वर्ष सेवा अवधि पुगेका श्रेणी विहिन प्रथम तथा हेभि सवारी चालक द्बितिय तहका पदमा कार्यरत कर्मचारीहरूको हकमा हालको स्तरमा एक स्तर वृद्धी हुनेछ ।

(५) उपदफा (१) बमोजिम पाँच वर्ष सेवा अवधि पुगेका सहायक स्तर चौथोबाट सहायक स्तर पाँचौं र पाँच वर्ष सेवा अवधि पुगेका सहायक स्तर पाँचौंबाट अधिकृत स्तर छैठौं तहमा समायोजन हुने छ । छैठौ तहमा समायोजनको लागि सहायक स्तर पाँचौ तह मा सेवा प्रवेश

गर्दाको बखत तोकिएको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्ने छ । त्यस्तो न्युनतम शैक्षिक योग्यता नभएकाको हकमा खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप गरिने छ ।

(६) यस दफा बमोजिम स्थानीय सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाईपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिने छ

(७) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्ने छन् । गणना हुने जेष्ठताको आधारमा समायोजन हुनु पूर्वको तलब तथा भत्ताहरु दाबी गर्न पाईने छैन् ।

**४. समायोजनको पत्र दिने:**

(१) यस ऐन बमोजिम समायोजन भए पश्चात स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची–१ बमोजिमको हुने छ ।

**५. पदस्थापन गरिने:**

यस ऐन बमोजिम समायोजन भए पश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी पुनरावलोकनले निर्धारण गरे बमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

**६. समायोजन भएका कर्मचारीहरुको सेवा सुबिधा:**

यस ऐन बमोजिम समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुबिधा स्थानीय कानून र प्रचलित कानुनले तोके बमोजिम हुने छ ।

**७. पुल दरबन्दी सम्बन्धी व्यवस्था:**

दफा ३ बमोजिम समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरबन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्न पूर्व यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन् ।

**८. जेष्ठताको गणना:**

(१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पूर्वको तहमा काम गरेका अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएता पनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुबिधा भने यो ऐन जारी भए पश्चात मात्र लागु हुने छ ।

**९. आवश्यक व्यवस्था मिलाउने:**

यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई वा बाधा उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्ने छ ।

अनुसूची १
दफा ४ को उपदफा (२) सँग सम्वन्धित
समायोजन पत्र

पत्र सं‍ख्या:
चलानी नं. : मिति:...........................
श्री ..........................................................................

**विषय**: समायोजन गरिएको सम्वन्धमा ।

कर्मचारी समायोजन ऐन, २०७५ र गरुडा नगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ बमोजिम मिती ................................ देखि जेष्ठता गणना हुने गरी तपाईलाई गरुडा नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारिता पूर्वक सम्पादन गर्नु हुने छ भन्ने अपेक्षा गरिएको छ । समायोजन हुनु भएकोमा बधाई छ ।

| **साविकको विवरण** | **समायोजन पछिको विवरण** |
|---|---|
| पद:<br>तह:<br>सेवा:<br>समुह: | पद:<br>तह:<br>सेवा:<br>समुह: |

.............................................
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ**:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.२, जनकपुरधाम ।
श्री प्रदेश लोकसेवा आयोग, प्रदेश नं. २, जनकपुरधाम, ।
श्री कर्मचारी संचय कोष, ठमेल।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर।
श्री सावधिक जिवन बिमा, काठमाण्डौं
श्री जिल्ला समन्वय समितिको कार्यालय, गौर, रौतहट
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, गौर, रौतहट
श्री आर्थिक प्रशासन शाखा, गरुडा नगर कार्यपालिकाको कार्यालय, गरुडा, रौतहट

प्रमाणीकरण मिति २०७७/०६/१४ गते